नेपाल सरकार
अर्थ मन्त्रालय

# भन्सार विभाग

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय

गौचर, काठमाडौं

४४७०११०
४४७०३८२
४४७०००९
४४७२२६६

पत्र संख्या :- 085162
च. नं. :- 3406

मिति :......२०७०।३।४........

विषय:-**भन्सार सम्बन्धी जानकारी उपलब्ध गराउने वारे ।**

श्री महानिर्देशकज्यू,
बैदेशिक रोजगार विभाग ।

Admin
To All our Mission abroad, Divs and Depts of MoFA
20 June 13

त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मुख्य जिम्मेवारी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थवाट आउने जाने यात्रुहरु तथा मालवस्तुहरुको जाँचपास गर्ने रही आएको छ । अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग कर्ताहरु मध्ये बैदेशिक रोजगारमा जाने र फर्कनेहरुको संख्या महत्वपूर्ण रहने गरेको छ । विशेषगरी बैदेशिक रोजगारवाट फर्कदा उनीहरुले साथमा लिई आउने तथा कार्गोको रुपमा पठाउने मालवस्तुहरु भन्सार जाँचपास गर्ने क्रममा भन्सार ऐन, नियमको अनभिज्ञाताको कारणले अनावश्यक झन्झटको सामना गर्नु परेको गुनासो यदाकदा यस कार्यालयमा आउने गरेको छ । कुनै पनि सेवाग्राहीले अनावश्यक झन्झट वेहोर्नु नपर्ने गरी न्यायपूर्ण एंव सम्मानजनक ढंगले सेवा प्रवाह गर्ने उदेश्य यस कार्यालयको रहेको हुँदा भन्सार सम्बन्धी आधारभूत जानकारी सबै यात्रु तथा आयात/ निर्यातकर्ताहरुलाई गराउने दायित्व यस कार्यालयले निर्वाह गर्दै आइरहेको छ ।

नेपालको राष्ट्रिय अर्थतन्त्रमा विप्रेषणको माध्यमवाट महत्वपूर्ण योगदान पुर्‍याउदै आउनु भएका बैदेशिक रोजगारमा जाने नेपाली दाजु भाइ तथा दिदी वहिनीहरुले भन्सार सम्बन्धी ऐन, नियममा भएको प्रावधानको जानकारीको अभावमा व्यहोर्नु पर्ने कठिनाईलाई निराकरण गर्न अझ प्रभावकारी ढंगले उनीहरुलाई सुसुचित गर्न आवश्यक भएको र यसको लागि बैदेशिक रोजगार विभागको अग्रणी भूमिका हुने देखिएकोले बैदेशिक रोजगारी सँग सम्बन्धित निजी संस्थाहरु, विभाग र विभाग अन्तर्गत रहेको श्रम डेस्क, विदेशमा रहेका श्रम सहचारीहरु, श्रम सहचारी नरहेका स्थानहरुमा परराष्ट्र मन्त्रालय अन्तर्गत रहेका कुटनैतिक नियोगहरुको माध्यमवाट भन्सार सम्बन्धी देहाय वमोजिम आधारभूत जानकारी उपलब्ध गराउने व्यवस्था मिलाई बैदेशिक रोजगारीमा गई राष्ट्रको निमित्त योगदान पुर्‍याउने नेपाली दाजु भाइ , दिदी वहिनीहरुलाई यस कार्यालयवाट प्रदान गरिने सेवा व्यवस्थित गराउने कार्यमा सहयोग पुर्‍याउन हुन हार्दिक अनुरोध गर्दछु ।

१ **निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचना:-**नेपाल सरकारले भन्सार ऐनले दिएको अधिकार प्रयोग गरी विदेश जाने र फर्कने यात्रुहरुले आफूले ल्याउन लैजाने पाउने मालसामानहरु र सो वापत महसुल लाग्ने नलाग्ने व्यवस्था वारे उल्लेख गरेको छ । २०६५ कार्तिक १ गते देखि लागु हुने गरी जारी भएको उक्त आदेशको प्रति संलग्न छ ।

२ **भन्सार घोषणा:-**यात्रुले आफूले ल्याएको मालसामान तथा विदेशी मुद्राको समेत भन्सार घोषणा फारम (Customs Declaration form ) भर्नु पर्ने व्यवस्था छ । यस्तो फाराम छ । एरलाइन्सहरुले हवाइ जहाजमा नै वितरण गर्नु पर्ने र यात्रुले यात्राकै क्रममा भरी आगमन कक्षमा भन्सार कर्मचारीलाई बुझाउनु पर्ने व्यवस्था छ ।

३ **वाकथ्रू क्षेत्र:-** त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थको आगमनमा अध्यागमन पश्चात विद्युतीय भर्‍याङ (escalator) वाट तल झर्ने वित्तिकै वाक थ्रु क्षेत्रमा हाते झोलाहरु (Hand Bag) को लागि एक्सरे (X- ray) र मानिसको लागि शरीर जाँच गर्ने यन्त्र रहेको छ । प्रत्येक यात्रुले उक्त प्रक्रियामा सहभागी हुनु पर्दछ । (Customs Declaration form) मा उल्लेख भए भन्दा फरक सामान वा पूर्ण वन्देज लागेको सामान वा परिमाणात्मक वन्देज लागेको सामान (त्यसको सूची संलग्न छ) यो प्रक्रियामा फेला परेमा निकासी पैठारी (नियन्त्रण) ऐन तथा भन्सार ऐन, नियम वमोजिम कारवाहीको भागी हुनु पर्नेछ ।

प्रमुख भन्सार प्रशासक

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
# त्रिभुवन विमानस्थल भन्सार कार्यालय
गौचर, काठमाडौं

☎ ४४७०११०
४४७०३८२
४४७०००९
४४७२२६६

पत्र संख्या :-

च. नं. :-

मिति :............................

४ **Conveyor belt:-** walk through पार गरे पछि आफूसँग रहेको हाते झोला वाहेक अन्य सामान भए आफू आएको हवाइजाहजको सामान वाकश्रु नजिकै रहेको विद्युतीय घुम्ने पेटी (Conveyor belt) मा गई आफ्नो सामान लिनु पर्दछ ।

५. **Red /Green Channel**:- कन्भेयर बेल्टवाट भन्सार क्षेत्रको अन्तिम विन्दू आगमन कक्षको वाहिर निस्कने स्थान भन्दा केही अघि दुइवटा मार्ग रहेको छ । एकातिर Red Channel छ भने अर्को तर्फ Green Cannnel रहेको छ । आफूसँग भन्सार लाग्ने सामानहरु हुने यात्रुहरुले महसुल बुझाएर सो को प्रज्ञापन पत्र लिई Green channel तर्फ जानु पर्दछ । भन्सार महसुल बुझाउन आफूसँग पैसा नभए वा तत्काल काउन्टरवाट जाँचपास नहुने सामान भएमा भन्सार कार्यालयमा जम्मा गराई सो जम्मा गरेको निस्सा लिई पछि छुटाई लैजान सकिन्छ । भन्सार महसुल लाग्ने सामान नहुने यात्रुले सिधै Green channel उपयोग गरी बाहिर निस्कन सक्छन् ।

६ **एक्सरे मेशिनः**- Green chanel मा गएपछि त्यहाँ रहेको एक्सरे मेशिनमा आफ्नो सामान राख्नु पर्दछ । एक्सरेवाट भन्सार घोषणामा भन्दा फरक भन्सार लाग्ने वा पूर्ण वा परिमाणात्मक वन्देज लागेको सामान फेला परेमा भन्सार ऐन नियम तथा निकासी पैठारी (नियन्त्रण) ऐन नियम बमोजिम कारवाही हुन्छ । यस्तोमा सामान जफत गरी भन्सार ऐन नियम वमोजिम कारवाही पनि हुन सक्दछ ।

७ **कार्गोः**- आफ्नो साथमा नल्याई कार्गो गरी पठाइएका सामानहरु सम्बन्धित Airlines वाट डि.ओ. (Delivery Order) लिई सिनामंगलमा रहेको Air Cargo Building वाट भन्सार जाँचपास गरी लैजानु पर्दछ । कार्गो भवन प्रवेश द्वाराको उत्तर तर्फ रहेको सेवाग्राही सेवा कक्षवाट भन्सार सम्बन्धी सम्पूर्ण जानकारी लिन सकिने व्यवस्था यही २०७० जेष्ठ ३१ गते देखि प्रारम्भ गरिएको छ । आगमन वा प्रस्थान कक्ष वा कार्गो भवनमा सम्बन्धी केही द्विविधा परेमा ड्युटीमा रहेका कुनै भन्सार कर्मचारी, भन्सार अधिकृत, प्रमुख भन्सार अधिकृत वा प्रमुख भन्सार प्रशासकसँग सोझै सम्पर्क राखी द्विविधा निराकरण गर्न समेत सकिन्छ ।

८. **भन्सार सम्बन्धी सोधपुछ तथा जानकारीः**- भन्सार सम्बन्धी जानकारीको लागि भन्सार विभागमा सेवाग्राही सेवा कक्ष रहेको छ । उक्त कक्षको निशुल्क टेलिफोन सेवा (Toll free service ) नम्वर १- ६६००-१२१२२३ रहेको छ । यो नम्वरमा फोन गरेर भन्सार सँग सम्वन्धित आफूलाई आवश्यक कुनै पनि विषयमा कुनै पनि समयमा जानकारी प्राप्त गर्न सकिन्छ । कार्यालय समय अघि पछि गरिएको फोन रेकर्ड हुने र कार्यालय खुले पछि सम्वन्धित अधिकारीले जानकारी गराउने व्यवस्था रहेको छ । यसै गरी भन्सार विभागको वेभ साईटमा www. Customs.gov.np भन्सार सम्बन्धी आवश्यक जानकारी राखिएको छ । सेवाग्राहीले वढी सोध्ने प्रश्नहरुका उत्तर समेत यो वेभ साइटको FAQ (Frequenty Asked Questions) मा राखिएको छ । यो नेपाली र अंग्रेजी दुवै भाषामा रहेको छ ।

२०७०।०३।०४

(किशोर जङ्ग कार्की)
प्रमुख भन्सार प्रशासक

**बोधार्थ**
श्री अर्थ मन्त्रालय, सिंहदरवार ।
श्री श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार ।
श्री भन्सार विभाग, त्रिपुरेश्वरः- *उपर्युक्त बमोजिम विषयमा तहावाट मन्त्रालय मार्फत सम्बन्धित निकायहरुलाई अनुरोध हुने आवश्यक व्यवस्थाका लागि ।*